

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १०० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० बैशाख ११ गते सोमबार ❑ 24 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## करिब ६० प्रतिशत मत खस्यो

**रासस**
काठमाडौं, १० बैशाख

आइतबार भएको प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनको मतदान सकिएको छ । बारा निर्वाचन क्षेत्र नं २, चितवन निर्वाचन क्षेत्र नं २ र तनहुँ निर्वाचन क्षेत्र नं १ को प्रतिनिधिसभा सदस्यको उपनिर्वाचन शान्तिपूर्ण र उत्साहजनकरूपमा सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ ।

मतदानको विवरण आयोगको सूचना प्रणालीमा प्रविष्टी हुने क्रम जारी रहेको छ । हालसम्मको प्रारम्भिक विवरण अनुसार समग्रमा करीब ६० प्रतिशत मतदान भएको देखिएको छ । जसअनुसार बारा जिल्ला निर्वाचन क्षेत्र नं २ मा ६४ प्रतिशत, चितवन जिल्ला निर्वाचन क्षेत्र नं २ मा ६३ प्रतिशत र तनहुँ जिल्ला निर्वाचन क्षेत्र नं १ मा ५३ प्रतिशत मतदान भएको छ ।

गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा बारा जिल्ला निर्वाचन क्षेत्र नं २ मा ६३ दशमलव ५६ प्रतिशत,



चितवन जिल्ला निर्वाचन क्षेत्र नं २ मा ६७ दशमलव ६३ प्रतिशत र तनहुँ जिल्ला निर्वाचन क्षेत्र नं १ मा ५४ दशमलव ०३ प्रतिशत मतदान भएको थियो । यस निर्वाचनमा तीन वटै निर्वाचन क्षेत्रमा तीन लाख ५३ हजार २४७ मतदाता रहेका थिए ।

मतदान सम्पन्न भएका सबै मतदानस्थलबाट आज साँझदेखि नै मतपेटिका मुख्य निर्वाचन अधिकृतको कार्यालयमा ढुवानीको कार्य हुनेछ । मुख्य निर्वाचन अधिकृतको कार्यालय र स्थानीय प्रशासनबाट प्राप्त जानकारीअनुसार बारा निर्वाचन क्षेत्र नं २ का मतपेटिका मतगणनास्थल शिक्षा तालिम केन्द्र, कलैयामा साँझ ८ बजेभित्र, चितवन क्षेत्र नं २ का मतपेटिका मतगणनास्थल उद्योग वाणिज्य सङ्घको हल, भरतपुरमा राति ११ बजेभित्र र तनहुँ निर्वाचन क्षेत्र नं १ को मतपेटिका मतगणनास्थल जिल्ला समन्वय समिति परिसर, दमौलीमा राति ११ बजेभित्र ढुवानी भइसक्ने गरी आवश्यक व्यवस्था मिलाइको छ ।

मतपेटिका मतगणनास्थलमा ल्याइसकेपछि प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन (मतगणना) निर्देशिका, २०७९ र मतगणनाबारे आइतबार आयोगले दिएको विशेष निर्देशनबमोजिम दल तथा उम्मेदवारसँग सहमति जुटाई यही वैशाख १२ गतेभित्र परिणाम सार्वजनिक गर्ने गरी मतगणना प्रारम्भ गरिनेछ । निर्वाचनको स्वतन्त्रता र निष्पक्षतामा कहीँ कतैबाट विवाद हुन नदिन र त्यस्तो अवस्था सृर्जना भएमा निर्वाचन विवाद (सुनुवाइ र निरुपण) सम्बन्धी कार्यविधि, २०७६ बमोजिम विवाद निरुपण गरी कार्य गर्न आयोगले सम्बन्धित मुख्य निर्वाचन अधिकृतलाई निर्देशन दिइएको आयोगका उपसचिव कमल ज्ञवालीले जानकारी दिनुभयो ।

## गण्डकी प्रदेशसभाको चालु अधिवेशन अन्त्य

**पोखरापत्र संवाददाता**
पोखरा, १० बैशाख

गण्डकी प्रदेशसभाको चालु अधिवेशन अन्त्य गरिएको छ । गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा २ बमोजिम प्रदेश प्रमुख पृथ्वीमान गुरुङले अधिवेशन अन्त्य गर्नुभएको प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता चण्डीप्रसाद अर्यालद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

सभाको यस अधिवेशन वैशाख ९ गतेका लागि बोलाइएकामा मुख्यमन्त्री खगराज अधिकारीले विश्वासको मतसम्बन्धी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । सभामा उहाँले विश्वासको मत प्राप्त गर्न सक्नुभएन । मुख्यमन्त्री अधिकारीले विश्वासको मत नपाएपछि नयाँ सरकार गठनको विषय यतिखेर चर्चामा छ । केन्द्रमा गठबन्धनमा रहेका नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) सहितको गठबन्धनको गण्डकीमा स्पष्ट बहुमत रहेका अवस्थामा अब बन्ने सरकारको गठन कसरी हुने भन्ने विषयलाई महत्वका साथ हेरिएको छ । संविधानले गरेको व्यवस्थाअनुसार धारा १६८ को उपधारा १ मा बहुमत प्राप्त दलले सरकार गठनका लागि दाबी पेस गर्ने उल्लेख छ । कुनै एक दलको बहुमत नभएका अवस्थामा उक्त धाराकै उपधारा २ अनुसार सरकार गठन हुने व्यवस्था छ । सो उपधारामा दुई वा सोभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्ने प्रदेशसभा सदस्यले सरकार बनाउने गरी दाबी पेस गर्न प्रदेश प्रमुखले आह्वान गर्ने व्यवस्था गरिएको छ ।

त्यस्तै, उपधारा ३ मा प्रदेशसभाको सबैभन्दा ठूलो दललाई प्रदेश प्रमुखले नयाँ सरकार गठनका लागि आह्वान गर्ने व्यवस्था छ । अधिकारी नेतृत्वको सरकारले शनिबार विश्वासको मत नपाएसँगै नयाँ सरकार गठन गर्न आह्वान हुनुपर्ने भए पनि प्रदेश प्रमुख गुरुङ काठमाडौँ रहनुभएको र आजमात्रै पोखरा फर्कनुभएकाले ढिलाइ भएको छ । प्रदेश प्रमुख पोखरा आएसँगै सरकार गठनका लागि आवश्यक कानूनी परामर्श सुरु गर्नुभएको र भोलिसम्म आह्वान हुन सक्ने प्रवक्ता अर्यालले जानकारी दिनुभयो ।

## तनहुँमा उपनिर्वाचन : ५२ प्रतिशत मत खस्यो

**पोखरापत्र संवाददाता**
तनहुँ, १० बैशाख

तनहुँ निर्वाचन क्षेत्र नं १ मा प्रतिनिधिसभाका लागि आइतबार भएको उपनिर्वाचनमा ५२ प्रतिशत मत खसेको छ । बिहान ७ देखि सुरु भएको मतदान दिउँसो सवा ५ बजेसम्म भएको हो ।

मतदानका लागि ६९ मतदानस्थल र एक सय ५२ मतदान केन्द्रमा एकै साथ मतदान सुरु गरिएको जिल्ला निर्वाचन कार्यालय तनहुँका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिनुभयो ।

शान्त र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न एक हजार तीन सय ६८ जना कर्मचारी परिचालन गरिएको थियो । मतदान केन्द्रहरूमा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अशक्त अवस्थाका मतदाताका लागि सहज व्यवस्था मिलाइएको प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले जानकारी दिनुभयो । तनहुँ निर्वाचन क्षेत्र नं १ मा ५ वडा पालिकाका ४२ वटा वडामा मतदान हुनेछ । उक्त क्षेत्रमा महिलातर्फ ६३ हजार सात सय ६५ र पुरुषतर्फ ५९ हजार पाँच सय ४० गरी कूल एक लाख २३ हजार तीन सय पाँचजना मतदाताले मतदान छन् ।

## ६६ दशमलव २ प्रतिशत जनसङ्ख्या नगरपालिकामा बस्छन्

**रासस**
काठमाडौं, १० बैशाख

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कूल जनसङ्ख्याको ६६ दशमलव २ प्रतिशत नगरपालिकाका र ३३ दशमलव ८ प्रतिशत गाउँपालिकामा बस्ने गरेको पाइएको छ ।

केन्द्रीय तथ्याङ्क कार्यालयले नगरपालिका तथा गाउँपालिकास्तरको तथ्याङ्क आज सार्वजनिक गर्दै नगरपालिकामा बस्ने जनसङ्ख्या एक करोड ९२ लाख ९६ हजार सात सय ८८ (६६ दशमलव २ प्रतिशत) र गाउँपालिकामा बस्ने जनसङ्ख्या ९८ लाख ६७ हजार सात सय ९० (३३ दशमलव ८ प्रतिशत रहेको छ। जुन २०६८ सालको जनगणनाअनुसार नगरपालिकामा बस्ने जनसङ्ख्या १७ दशमलव १ प्रतिशत रहेको थियो भने गाउँपालिकाहरूमा बस्ने जनसङ्ख्या ८२ दशमलव ९ प्रतिशत रहेको थियो ।

जनगणना सन्दर्भ दिन २०७८ साल मङ्सिर ९ गते सार्वजनिक गरिएको तथ्याङ्कै आधारमा नगरपालिका र गाउँपालिकाको नजिता आज सार्वजनिक गरिएको हो । जुन तथ्याङ्कअनुसार नेपालको कूल जनसङ्ख्या दुई करोड ९१ लाख ६४ हजार ५७८ रहेको छ । जसमध्ये पुरुषको सङ्ख्या एक करोड ४२ लाख ५३ हजार पाँच सय ५१ (४८ दशमलव ८७ प्रतिशत) र महिलाको सङ्ख्या एक करोड ४९ लाख ११ हजार २७ (५१ दशमलव १३ प्रतिशत) रहेको छ। नेपालको लैङ्गिक अनुपातप्रति एक सयजना महिलामा पुरुषको सङ्ख्या ९५ दशमलव ५९ जना रहेको छ भने नगरपालिकाको ९६ दशमलव ०६ र गाउँपालिकाको ९४ दशमलव ६८ रहेको नगरपालिका तथा गाउँपालिकाले सार्वजनिक गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ। भौगोलिक क्षेत्रअनुसार देशको हिमालमा नगरपालिकामा बस्ने जनसङ्ख्या ३५ दशलव ६ प्रतिशत र गाउँपालिकामा बस्ने जनसङ्ख्या ६४ दशमलव ४ प्रतिशत रहेको छ। यसैगरी, पहाडमा नगरपालिकामा बस्ने

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## बस दुर्घटनामा एकको मृत्यु, ३८ घाइते

**पोखरापत्र संवाददाता**
पोखरा, १० बैशाख

बुटवलदेखि बागलुङको बुर्तिबाङ आउँदै गरेको यात्रुबाहक बस दुर्घटनामा परेको छ ।

आइतबार बिहान बुटवलदेखि बुर्तिबाङतर्फ आउँदै गरेको लु१ख ५९५६ नम्बरको बस पाल्पाको

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## धौलागिरि हिमालको कीर्तिमानी आरोहण गर्दै स्पेनका कार्लोस

**पोखरापत्र संवाददाता**
बेनी, १० बैशाख

उमेरले ८४ वर्ष पुग्नुभएका स्पेनका अनुभवी पर्वतारोही कार्लोस सोरिया संसारको सातौँ अग्लो धौलागिरि हिमालमा कीर्तिमानी आरोहणको तयारीमा हुनुहुन्छ ।

म्याग्दीको धौलागिरि गाउँपालिका-४ मुदीमा अवस्थित आठ हजार एक सय ६७ मिटर अग्लो धौलागिरि हिमाल आरोहण गर्न कार्लोसको आरोहण दलको समूह १० दिनदेखि आधार शिविरमा छ ।

धौलागिरिको कीर्तिमानी आरोहणका लागि कार्लोसको यो ११औँ पटकको प्रयास हो । वृद्ध उमेरमासमेतधौलागिरिहिमालको चुचुरोमा पुग्ने धोको पूरा नभए पनि कार्लोस अथक प्रयासमा जुट्नुभएकोछ।कार्लोसकोधौलागिरि आरोहणको व्यवस्थापन सेभेन समिट ट्रेक्सले गरेको छ । आरोहण व्यवस्थापनको तर्फबाट मिङतेम्बा शेर्पाले कार्लोसको धौलागिरि आरोहण दलको नेतृत्व गर्नुभएको छ । तीन स्पेनी आरोही र सेभेन समिटका आरोहण व्यवस्थापकसमेत गरी २५ जनाको टोली अहिले आधार शिविर क्षेत्रमै अनुकूल मौसमको पर्खाइमा रहेको सेभेन समिटका प्रबन्धक थानेश्वर गुरागाईंले जानकारी दिनुभयो । "टोली आधार शिविर पुगेको १० दिन भयो, तर अहिलेसम्म आरोहण सुरु गर्ने अनुकूल मौसम नै भएको छैन, धौलागिरि आसपासमा निरन्तर हिमपात भइरहेको छ, मौसममा सुधार हुनेबित्तिकै कार्लोसको कीर्तिमानी आरोहणको यात्रा सुरु हुन्छ" उहाँले भन्नुभयो ।

गत वर्षसमेत आरोहणका लागि धौलागिरिको पहिलो क्याम्पसम्म पुगेर प्रतिकूल मौसमका कारण आरोहण स्थगित गरेर फर्कनुभएका कार्लोसले यस पटक आफ्नो कीर्तिमानी आरोहणलाई पूरा गर्ने सङ्कल्प गर्नुभएको छ । साठ्ठी वर्ष उमेर पुगेपछि आठ हजार मिटर भन्दाअग्ला १० हिमाल आरोहण गर्ने एक मात्र आरोही बनिसक्नुभएका कार्लोसले धौलागिरि आरोहण गरेमा सबैभन्दा ज्येष्ठ उमेरमा विश्वका १४ हिमाल आरोहणको कीर्तिमानी बनाउनु हुनेछ ।

एक महिनाअघि स्पेनदेखि नेपाल आउनुभएका कार्लोसले दुई हप्ता बढी समय खुम्बु क्षेत्रमा पूर्वाभ्यास स्वरूप ट्रेकिङ गर्दै बिताउनुभएको थियो । धौलागिरि आरोहणको पूर्वतयारीस्वरूप सगरमाथा, ल्होत्से र आमाडब्लम लगायतका हिमालको फेद रहेको खुम्बु उपत्यकामा १७ दिन बिताएपछि काठमाडौँ फर्किएको कोर्लोसको टोली यतिबेला धौलागिरि आधार शिविरमा छ ।

धौलागिरि हिमालको आधार शिविरतर्फ प्रस्थान गर्नुअघि सामाजिक सञ्जाल फेसबुकबाट कार्लोसले खुम्बु क्षेत्रको हिमाली चुचुराहरूमा गरेको आरोहण अभ्यासले यस पटक धौलागिरिको आरोहण सफल हुने विश्वास व्यक्त गर्नुभएको छ । कार्लोसले सन् १९९८ मा पहिलो प्रयास धौलागिरिको आरोहण गर्ने प्रयास गर्नुभएको थियो । सबैभन्दा वृद्ध उमेरमा १४ वटा हिमाल आरोहणको कीर्तिमान राख्न कार्लोसले धौलागिरि र तिब्बतको सीसापाङ्माको चुचुरो चुम्न मात्र बाँकी छ ।

कार्लोसले ६२ वर्षको उमेरमा सगरमाथा, ७५ वर्षको उमेरमा कञ्चनजङ्घा र ७७ वर्षको उमेरमा अन्नपूर्ण हिमालको आरोहण गर्नुभएको थियो । कार्लोसको धौलागिरि हिमाल आरोहणको मोहले धौलागिरि हिमालको महत्त्वलाई बढाएको भन्दै उहाँको आरोहण सफल भएमा यसले धौलागिरि हिमाललाई थप प्रचारप्रसार गर्न सघाउने र यस क्षेत्रको पर्यटकीय सम्भावना उजागरमा टेवापुग्ने धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनले बताउनुभयो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# सहज बन्दै डायलासिस सेवा

**पोखरापत्र संवाददाता**
पोखरा, १० बैशाख

गण्डकी प्रदेशभित्रै निःशुल्क डायलासिस सेवा लिने बिरामी पाँच सय ७६ जना छन् तर तीन सय तीन जना अहिले पनि डायलासिसका लागि बाहिरका अस्पताल पुग्छन् ।

प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका अनुसार सरकारी नौ र निजी छ गरी १५ वटा स्वास्थ्य संस्थाले डायलासिस सेवा दिँदै आएका छन् । मिर्गौलाका बिरामीको बढ्दो चापलाई ती अस्पतालको क्षमताले मात्र धान्नसक्ने स्थिति छैन । पालो कुर्दा पनि सेवा पाउन नसकेपछि बिरामी अन्यत्र जान बाध्य भएका हुन् । स्वास्थ्य निर्देशनालयका निर्देशक खिमबहादुर खड्काले तीन सय तीन बिरामी प्रदेशभित्रै डायलासिस सेवा लिन पर्खाइमा रहेको बताउनुभयो ।

सबै बिरामीलाई प्रदेशमै सहजरुपमा डायलासिस सेवा प्रदान गर्न स्वास्थ्य संस्थाको क्षमता विस्तार गर्न थालिएको र मनाङ तथा मुस्ताङबाहेकका जिल्लामा डायलासिस सेवा पुगिसकेको उहाँको भनाइ थियो । कास्कीस्थित सङ्क्रामक तथा सरुवा रोग अस्पतालमा २५ शय्या क्षमताको डायलासिस केन्द्र स्थापनाका लागि प्रक्रिया अगाडि बढेको निर्देशक खड्काले जानकारी दिनुभयो ।

"केन्द्रलाई चाहिने जनशक्ति व्यवस्थापन गरिसकेर अहिले तालिममा पठाएका छौँ, डायलासिसका उपकरण खरिदका लागि बोलपत्र भइसकेको छ", निर्देशक खड्काले भन्नुभयो, "तीन महिनाभित्रमा डायलासिस केन्द्र सञ्चालनमा आउँछ, जिल्ला अस्पतालमा पनि उपकरण र जनशक्ति थप्छौँ ।" उक्त केन्द्र सञ्चालनमा आएपछि प्रदेशभित्रै डायलासिसका लागि प्रतिक्षा गरिहेकाको सङ्ख्यामा शून्यमा झर्ने बताइएको छ । बागलुङस्थित धवलागिरि अस्पतालबाट अहिले ४३ जनाले डायलासिस सेवा लिइरहेका छन् । पाँच वटा मात्र उपकरण रहेकाले पालो बाँडेर सेवा दिनुपर्ने अवस्था रहेको अस्पतालका प्रमुख चिकित्सक अमित ढुङ्गानाले बताउनुभयो । "अझै १२/१३ जना बिरामी डायलासिस सेवाको पर्खाइमा हुनुहुन्छ", उहाँले भन्नुभयो, "बिरामीको सङ्ख्याअनुसार स्रोतसाधन र उपकरणको अपुगता छ ।" पाँच वर्षअघि धवलागिरि अस्पतालले डायलासिस सेवा सुरु गरेको थियो । जिल्ला तहमै निःशुल्क सेवा पाउन थालेपछि बिरामीले राहतको महशुस गर्न थालेका छन् । बिरामीको सङ्ख्याको तुलनामा अस्पतालमा शय्या र उपकरणको भनी अझै कमी छ । प्रदेशअन्तर्गतका सबै अस्पतालको क्षमता बढाएर मिर्गौलाका सबै बिरामीलाई सहजरुपमा डायलासिस सेवा प्रदान गर्ने योजनामाप्रदेशसरकारछ।मिर्गौला रोगका बिरामी बढ्न थालेपछि डायलासिस सेवा विस्तारलाई प्रदेश सरकारले प्राथमिकता दिएको सामाजिक विकास तथा स्वास्थ्यमन्त्री पञ्चराम गुरुङले बताउनुभयो । पोखरामा सुरु हुन लागेको २५ शय्याको डायलासिस केन्द्रका लागि चाहिने स्वास्थ्यकर्मीको दरबन्दी सिर्जनासमेत भइसकेको उहाँको भनाइ छ । जिल्ला अस्पतालको क्षमताले नभ्याएपछि प्रदेश राजधानी पोखरामा डायलासिस गर्नुपर्ने बिरामीको चाप बढ्दो छ । डायलासिस सेवा प्रदेशबाटै लिन प्रतिक्षामा बसिरहेका बिरामीको सङ्ख्यालाई शून्यमा झार्ने लक्ष्यसहित सरकार सेवा विस्तारमा लागेको हो । शुक्रबार सार्वजनिक गरिएको प्रदेश सरकारको सय दिनका उपलब्धिमा डायलासिस सेवा विस्तार पनि उल्लेख छ । नेपाल सरकारले छ वर्षअघि डायलासिस सेवालाई पूर्ण निःशुल्क बनाउने घोषणा गरेका थियो ।

# चितवन क्षेत्र नं २ मा ६२ प्रतिशत मत खस्यो

**रासस**
चितवन, १० बैशाख

चितवन निर्वाचन क्षेत्र नं २ मा सम्पन्न उपनिर्वाचमा ६२ दशमलव ७७ प्रतिशत मत खसेको प्रारम्भिक नतिजा आएको छ । आइतबार बिहान ७बजेदेखि साँझ ५ बजेसम्म मतदान भएको हो ।

मतदान सकिएसँगै अहिले मतपेटिका मतगणनास्थलतर्फ ल्याउने क्रम जारी छ । यस क्षेत्रमा ४३ स्थलका एक सय ३८ केन्द्रमा मतदान गरिएको हो । जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर कार्कीले ७८ हजार दुई सय ७७ मतदाताले मतदान गरेको जानकारी दिनुभयो । यस क्षेत्रमा एक लाख २४ हजार छ सय ९५ जना मतदाता रहेका थिए ।

तीमध्ये ६३ हजार दुई सय ९१ महिला, ६१ हजार चार सय तीन पुरुष र एकजना तेस्रोलिङ्गी रहेका छन् । मुख्य निर्वाचन अधिकृतको कार्यालय चितवनका सहायक निर्वाचन अधिकृत ईश्वरी आचार्यका अनुसार अहिले मतगणनास्थल उद्योग सङ्घ चितवनको अन्तर्राष्ट्रिय प्रदर्शनीस्थलमा ल्याउने प्रक्रिया सुरु भएको छ । आइतबार राति १० बजेसम्म मतपेटिका आइपुग्ने उहाँले जानकारी दिनुभयो । मतपेटिका आएसँगै राजनीतिक दलहरूको सहमतिमा आज रातिदेखि नै मतगणना सुरु गर्ने तयारीमा मुख्य निर्वाचन अधिकृतको कार्यालय रहेको बताउनुभयो । चार स्थानमा गणना गर्न मिल्ने गरी व्यवस्थापन गरिएको उहाँले जानकारी दिनुभयो । वैशाख १३ गतेसम्म नतिजा आउने गरी गणनाको काम गरिने उहाँको भनाइ छ । यस क्षेत्रमा लोकतान्त्रिक वाम गठबन्धनबाट नेपाली कांग्रेसका जितनारायण श्रेष्ठ, नेकपा (एमाले) बाट रामप्रसाद न्यौपाने र राष्ट्रिय स्वतन्त्र पार्टीबाट रवि लामिछानेसँगै २२ जना उम्मेदवार चुनावी मैदानमा हुनुहुन्छ । गत मङ्सिर ४ गते सम्पन्न निर्वाचनबाट निर्वाचित लामिछानेको नागरिकता प्रकरणमा सर्वोच्च अदालतले सांसद पद बदर गरेपछि उपनिर्वाचन भएको हो । जिल्लामा तीन निर्वाचन क्षेत्र रहेका छन् । गत मङ्सिर ४ गते सम्पन्न निर्वाचनमा ६७ दशमलव ६३ प्रतिशत अर्थात् ८४ हजार १७ मत खसेको थियो । सो समयमा एक लाख २४ हजार दुई सय १७ मतदाता रहेका थिए ।

## ६६ दशमलव...

जनसङ्ख्या ६३ दशलव ३ प्रतिशत र गाउँपालिकामा बस्ने जनसङ्ख्या ३६ दशमलव ७ प्रतिशत रहेको छ । तराईमा नगरपालिकामा बस्ने जनसङ्ख्या ७१ दशमलव ८ र गाउँपालिकामा बस्ने जनसङ्ख्या २८ दशमलव २ प्रतिशत रहेको छ । जनगणना अवधिमा नेपालको वार्षिक औसत जनसङ्ख्या वृद्धिदर शून्य दशमलव ९२ प्रतिशतप्रति वर्ष रहेको छ । जुन २०६८ सालको जनगणनामा १ दशमलव ३५ प्रतिशत प्रतिवर्ष थियो भने नगरपालिकाको वार्षिक औसत जनसङ्ख्या वृद्धिदर १ दशमलव ३६ र गाउँपालिकाको शून्य दशमलव ११ प्रतिवर्ष रहेको छ । जनगणनाको नतिजाअनुसार नेपालको जनघनत्व (प्रतिवर्ग किलोमिटर क्षेत्रफलमा रहेको जनसङ्ख्या) एक सय ९८ जना प्रतिवर्ग किलोमिटर रहेको छ । जुन २०६८ सालमा एक सय ८० वर्ग किमी मात्र थियो भने नगरपालिकाको जनघनत्व तीन सय ७३ र गाउँपालिकाको जनघनत्व एक सय पाँचजना प्रतिवर्ग किलोमिटर रहेको छ । जनगणना २०७८ अनुसार नेपालमा बसोबास गर्ने कूल परिवार ६६ लाख ६६ हजार नौ सय ३७ मध्ये नगरपालिकामा बसोबास गर्ने परिवार ४४ लाख ७९ हजार ६ सय ६२ र गाउँपालिकामा बसोबास गर्ने परिवार २१ लाख ८७ हजार दुई सय ७५ रहेका छन् ।

नेपालमा प्रतिपरिवार अक्सर बसोबास गर्ने सदस्य औसतमा ४ दशमलव ३७ जना रहेको छ भने नगरपालिकामा प्रतिपरिवार अक्सर बसोबास गर्ने सदस्य औसतमा ४ दशमलव ३१ र गाउँपालिका ४ दशमलव ५१ जना रहेको छ । भौगोलिक क्षेत्रअनुसार हेर्दा २०७८ मा प्रतिपरिवार हिमाली क्षेत्रको नगरपालिकामा ४ दशमलव २३, पहाडको नगरपालिकामा ३ दशमलव ९० र तराईको नगरपालिकामा ४ दशमलव ६३ जना रहेको छ भने गाउँपालिकामा हिमालमा ४ दशमलव ३८, पहाडमा ४ दशमलव १४ र तराई क्षेत्रमा ४ दशमलव ९९ जना सदस्य रहेका छन् । नेपालमा कूल ६६ लाख ६६ हजार नौ सय ३७ परिवारमध्ये ६८ दशमलव ५ प्रतिशत परिवारमा पुरुष परिवारमूली र ३१ दशमलव ५ प्रतिशत महिला परिवारमूली रहेका छन् । नगरपालिकामा ६७ दशमलव २ प्रतिशत र गाउँपालिकामा ७१ दशमलव १ प्रतिशत परिवारमूली पुरुष रहेका छन् भने नगरपालिकामा ३२ दशमलव ८ प्रतिशत र गाउँपालिकामा २८ दशमलव ९ प्रतिशत परिवारमूली महिला रहेका छन् ।

# पोखरा स्पोर्ट्स अवार्डको तयारीमा तिव्रता

**पोखरापत्र संवाददाता**
पोखरा, १० बैशाख



पोखरामा आयोजना हुने सातौं संस्करणको 'पोखरा स्पोर्ट्स अवार्ड २०७९' को तयारीमा तिव्रता दिइएको छ ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा हुने अवार्ड कार्यक्रमलाई भव्य बनाउन गठन भएका मुल आयोजक समिति तथा तेह्र वटा उपसमितिले आफ्नो जिम्मेवारी अनुसारको कामलाई तिव्र रुपमा अगाडि बढाइरहेको मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिए। आगामी बैशाख २३ गते शनिबार पोखरा सभागृह हलमा आयोजना हुने अवार्ड कार्यक्रममा लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिने प्रचार प्रसार उपसमितिका संयोजक समेत रहेका पौडेलले बताए । मञ्चले मंगलबारसम्ममा चारवटा विधाको नोमिनेसन सार्वजनिक गर्ने तयारी गरेको छ । वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उदीयमान खेलाडी र वर्ष उत्कृष्ट प्रशिक्षकतर्फ वर्ष २०७९ मा उनीहरुले प्राप्त गरेका उपलब्धि समेतलाई आधार बनाएर तीन-तीन जनाको नाम छनोट गरेर नोमिनेसन सार्वजनिक गरिनेछ । अवार्ड कार्यक्रमको मिति नजिकिदै गर्दा सहयोगीहरु जोडिने क्रम समेत बढ्न थालेका छन् । जसअनुसार नेपाल भूतपूर्व खेलाडी मञ्चले अवार्ड कार्यक्रममा सघाउने भएको छ। अघिल्लो सस्करणको अवार्ड कार्यक्रममा लाइफ टाइम अचिभमेन्ट अवार्डको पुरस्कारको प्रायोजन गरेको भूतपूर्व खेलाडी मञ्चले यसपाली २५ हजार रुपैयाँ सहयोग गर्ने भएको हो। यता सहारा हङकङले अवार्ड कार्यक्रमको लागि दश हजार रुपैयाँ सहयोग गरेको छ। सहयोग रकम सहारा हङकङका अध्यक्ष दीपक गुरुङले मञ्चका अध्यक्ष दीननाथ बराललाई हस्तान्तरण गरें । सहयोग हस्तान्तरण कार्यक्रममा मञ्चका पूर्व अध्यक्ष केशव पाठक, उपाध्यक्ष सुरज श्रेष्ठ, पूर्व सल्लाहकार सुर्दशन रञ्जित, सदस्य कृष्ण दवाडी सहभागी बनें । यसका अलावा अवार्ड कार्यक्रमलाई सफल बनाउन गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, राष्ट्रिय खेलकुद परिषद, प्रदेश खेलकुद परिषद गण्डकी, अन्नपूर्ण गाउँपालिका, माछापुच्छे गाउँपालिका, रुपा गाउँपालिका, मादी गाउँपालिका, केल्मीको नेपालको लागि आधिकारीक बिक्रेता कामारु ट्रेडिङ प्रा.लि., हाम्रो हस्तकला काठमाण्डौं, पब्लिक टेलिभिजन, सरुमा चुलो, भूतपूर्व खेलाडी मञ्च, वल्ड लिंक, फुडमाण्डु, पश्चिमाञ्चल सामुदायिक अस्पताल लगायतले सहयोग गर्ने तय भैसकेको मञ्चले जनाएको छ।

यसैगरी उदीयमान खेलाडीको पुरस्कार सहारा क्लब पोखरा, उत्कृष्ट प्रशिक्षकको पुरस्कार ह्यूस्टन एजुकेसन, उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब तर्फको पुरस्कार टाईगर गुप्र अफ पोखरा नेपाल तथा उत्कृष्ट खेल पत्रकारको पुरस्कार रामबजार निवासी स्व.सेनानी हेमबहादुर पुनको परिवारले प्रायोजन गर्ने सम्झौता भएको महासचिव पौडेलले जानकारी दिए । अवार्ड कार्यक्रमको थप आर्कषणको रुपमा सांगीतिक तथा सास्कृतिक कार्यक्रम समेत रहने उनले खुलाए ।

## बस...

तिनाउ गाउँपालिका-५ जोरधारा नजिकै बिहान ९ बजे दुर्घटनामा परेको हो ।

दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने ३८ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक हेमेन्द्र शर्माले जानकारी दिनुभयो । मृत्यु हुनेको पहिचान नखुलेको शर्माको भनाइ छ ।

घाइते सबैलाई लुम्बिनी मेडिकल कलेजमा पठाइएको शर्माले जानकारी दिनुभयो । घाइते अधिकांशको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । बस भिरमा अड्किएको बताइएको छ ।

◆बालबालिकाको संरक्षण र विकासमा ध्यान दिऔं ।
◆बालबालिका माथि हुने हिंसाको उजुरी प्रहरीमा गरौं ।
◆बालबालिका बेचबिखन र तस्करी नियन्त्रण गरौं ।
◆बालबालिकालाई पारिवारीक बातावरणमा हुर्कने अवसर दिऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा
धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति भाद्र २ गते शनिबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।
हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्धार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला :मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि
नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्धारा विना अपरेशन उपचार गरिन्छ ।
बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३५१९४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६९४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ। - लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# देखावटी लोकतान्त्रिक प्रणाली

नेपाली जनताले जनआन्दोलनमा देखाएको अभुतपूर्व सहभागिताले नेपालमा लोकतन्त्र आयो। नेपालको २०६२-०६३ को आन्दोलन हरेक दृष्टिकोणले सफल मानिन्छ। २ सय ४० वर्षको शाह वंसीय राजतन्त्रको अन्त्य दोश्रो जनआन्दोलकले गऱ्यो। शसस्त्र संघर्ष गरेको नेकपा माओवादीलाई शान्तिपूर्ण राजनीतिमा ल्याउने काम २०६२-०६३ को आन्दोलनले नै हो। २०६२ साल चैत २४ गतेबाट शुरु भएर २०६३ बैशाख ११ गते आन्दोलन टुङ्गीएको हो। शान्तिपूर्ण आन्दोलनबाट जनताले आफ्नो अधिकार लिएको दिनको रुपमा बैशाख ११ गतेलाई लोकतन्त्र दिवसको रुपमा सम्झने गरिएको छ। सरकारी विदा नभएपनि लोकतन्त्रलाई दिवसको रुपमा नागरिकले अधिकार पाएको दिनको रुपमा लिने गरेका छन्।

लोकतन्त्रिक आन्दोलनको उपलब्धि संविधान सभा,संविधानसभाले बनाएको संविधान, गणतन्त्र, समावेशी प्रतिनिधित्व र राज्यको पुनसंरचना हो। गणतन्त्र घोषणा हुँदा जनतामा जुन उत्साह थियो अहिले नेताप्रति आक्रोश छ। मुलुकमा राष्ट्रपति पनि छन्। समावेशी प्रतिनिधित्व गराउन निर्वाचन प्रणाली पनि प्रत्यक्ष निर्वाचित र समानुपातिक प्रतिनिधित्व गराइएको छ। जनआन्दोलनमा नेपाली जनताले उठाएका मुद्धा संविधान जारी गरेपछि ती अधिकार संस्थागत भएको छ। तिनै तहका सरकार बनेर अधिकारको वाडफाड भएको छ। सिंहदरबारको अधिकार गाउँमा आइपुगेको छ वर्ष पुग्दैछ। कन्द्रीकृत मानसिकताले गर्दा स्थानीय तह र प्रदेश सरकारबाट सम्पादन हुने काम अपेक्षाकृत हुन सकेको छैन।अर्थिक बृद्धि वृद्धि हुन सकेको छैन। देशको अर्थतन्त्र कमजोर हुँदा साशकहरु जनतालाई बुझाउन सक्दैनन्।रोजगारीका लागि विदेश जान बाध्य युवाशक्ति गणतन्त्रका नेता र दलपति आक्रोश व्यक्त गर्दछन। राजाको वकालत गर्ने बढ्न थालेका छन। पूर्व राजाको अभिनन्दन हुन थालेको छ। जननिर्वाचित संसद्ले देशलाई निकास दिन भन्दा सरकारको लाचार छाँया बनाउन खोजिएको छ।

लोकतन्त्र स्थापनाका लागि शाहदत प्रप्त गर्ने शहिदको रगत खेरा जाने हो कि भन्ने अवस्था आएको छ। सरकारले शहीदहरुलाई समान व्यवहार गरेको छैन। जनआन्दोलनका घाइते र अंगभंग भएकाहरुले अझै राहत पाउन सकेका छैनन्। शरीर भित्र रहेको गोली र अंगभंग भएकाहरुको उपचार र भरणपोषणको व्यवस्था नगरेसम्म जनआन्दोलनको मर्म पुरा हुन सक्दैन। रातारात धनकमाउने कालाबजारीया, भष्ट्र र तस्करहरुले जनतालाई लोकतन्त्रको पाठ पढाउने अवस्था बढेर गएको छ। निर्वाचनमा जस्ले खर्च गर्न सक्छ भन्नेलाई उमेदवार कनाउने आफ्नो दास बन्न सक्ने खोज्ने प्रबृत्ति हावी हुदाँ राजनीतिक दलका नेताहरुले लोकतान्त्रिक आचरण देखाउन नसक्दा अहिले जनतामा निराशा छाएको छ। बैकल्पिक शक्तिको खोजी हुन थालेको छ।

नेताहरुले सिमित घेरा भन्दा बाहिर हेर्न नसक्दा जनताले विश्वास गरेका नेताहरुका बारेमा प्रश्न उठाउने ठाउँ दिएको छ। राजा चाहने शक्तिहरु सलबलाउन थालेका छन्। अन्दोलनमा सँगै लडेको शक्ति दुई ध्रुब हुन पुगेका छन। लोकतान्त्रिक शक्तिले जनताले शासन गर्ने मतादेश नदिएकाले सत्ताको नेतृत्व गर्न पाएका छन। दुई ठूला दल नेपाली काङ्ग्रेस र नेकपा एमालेले पालैपालो माओवादी बोक्दै राजनीतिक अस्थिरता निम्त्याउने काम गरेका छन। जनताको सहभागितामा जनताका प्रतिनिधिले मुलुक चलाउने प्रणाली स्थापित नगरी बाँडीचुँडी खाने प्रणाली स्थापित गराउन खोजिएको छ। साशकको सोच र चिन्तन आफू र आफ्नाका लागि केन्द्रीत छ। लोकतान्त्रिक प्रणाली देखाउन मात्र छ। लोकतान्त्रिक जीवन पद्धति बनाउन सकियो भने मात्र लोकतन्त्र बलियो हुन्छ। लोकतन्त्र स्थापना गर्न जस्ले योगदान गरेको छ उनीहरूको जीवनमा परिवर्तन नआएसम्म ब्यबस्था परिवर्तनले केही हुँदैन। जनताको अवस्था परिवर्तन गर्न सके मात्र लोकतन्त्र बलियो हुनेछ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : मन चञ्चल |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# खडेरीका कारण रोकिएन वन डढेलो

**पोखरापत्र संवाददाता**
बागलुङ, १० बैशाख

खडेरीका कारण यस वर्ष बागलुङका सामुदायिक वनमा आगलागीका घटना बढेका छन्। विगत वर्षको तुलनामा बढी गर्मी र खडेरी परेका कारण आगलागीका घटना बढ्दै गएको पाइएको छ। यस वर्ष चैतको अन्तिम सातादेखि वैशाख पहिलो सातासम्म २२ वनमा आगलागी भइसकेको छ।

गर्मीयाम सुरु भएपछि हालसम्म चार सय १५ हेक्टर वन क्षेत्रमा आगलागी भएको छ। सुक्खायाम सुरु भएसँगै बागलुङको करिब चार सय ५० हेक्टर वन क्षेत्रमा आगलागी भएको छ र तीमध्ये पाँच राष्ट्रिय र १७ सामुदायिक वनमा आगलागी भएको डिभिजन वन कार्यालय बागलुङले जनाएको छ। गत माघ १८ गते पहिलोपटक जिल्लाको तमानखोला गाउँपालिकाको खुर्त नीमा पर्ने हापली छहरा मठूरे राष्ट्रिय वनमा आगलागी भएको थियो। चार दिनसम्म फैलिएको आगलागीले दुई सय हेक्टर वनक्षेत्र मासेको डिभिजन वन कार्यालय बागलुङको तथ्याङ्क छ। माघदेखि सुरु भएको आगलागीको शृंखला अझै रोकिएको छैन। शनिबार मात्रै तितौरे वनमा आगलागी भएको डिभिजन वन अधिकृत मुकुन्दप्रसाद अधिकारीले जानकारी दिनुभयो। अधिकारीका अनुसार अझै आगलागीको तथ्याङ्क थपिनेछ। अहिले पनि तथ्याङ्क सङ्कलनको काम भइरहेको छ। सामुदायिक तथा निजी आवादी वनक्षेत्र र सामुदायिक तथा राष्ट्रिय वनमा आगलागी भएको छ।

"गर्मीयामका कारण आगलागीका घटना बढेका छन्, अहिले कतिपय वनमा आगलागी भइरहेको छ, वर्षा नहुन्जेल आगलागीका घटना रोकिने अवस्था छैन", अधिकारीले भन्नुभयो, "आगलागी नियन्त्रणका लागि हामीले जनचेतना फैलाएका छौँ, तर आगलागीका घटना झनै बढेका छन्।" डिभिजन वन अधिकृत अधिकारीका अनुसार जानी-जानी वा दुर्घटनावश बिहीबारसम्म बागलुङका २२ वनमा डढेलो लागेको तथ्याङ्क छ। केही तथ्याङ्क भने आउनै बाँकी छ। यो वर्ष सबैभन्दा धेरै आगलागी बागलुङ नगरपालिकाका वनमा भएको छ। बागलुङ नगरपालिका-६ स्थित सामुदायिक वन र एक राष्ट्रिय वनमा आगलागी भएको हो। जैमिनीका पाँच, बडिगाडका तीन, काठेखोलाका दुई र तमानखोला, निसीखोला र बरेङ गाउँपालिका तथा ढोरपाटनका एक/एक वनमा आगलागी भएको छ। गत वर्ष हिउँदमा वर्षा हुँदा बागलुङका वन क्षेत्रमा आगलागी भएको थिएन। एकाध वन क्षेत्रमा लागेको आगोसमेत समयमै स्थानीयवासीले निभाएका थिए। यो वर्ष हिउँद सुक्खा हुँदा अधिकांश वनक्षेत्र आगलागीको जोखिममा परेको अधिकारीले जानकारी दिनुभयो। डढेलोको सम्भावित जोखिम भएका ठाउँहरूमा सचेतनामूलक कार्यक्रमहरू गर्ने, अग्निरेखा बनाउने तालिम, आगलागी भइहालेमा रोकथाम र नियन्त्रणका लागि सुरक्षा निकायलाई उपकरणहरू उपलब्ध गराउनेलगायतका काम गरिएको अधिकारीको भनाइ छ।

# यु-१६ राष्ट्रिय क्रिकेट : सुदूरपश्चिमको विजयी सुरुआत

**रासस**
काठमाडौं, १ बैशाख

धनगढीमा आजदेखि सुरु भएको 'एनआईएमबी सुदूरपश्चिम मुख्यमन्त्री, १६ वर्षमुनिको राष्ट्रिय क्रिकेट प्रतियोगिता'मा सुदूरपश्चिम प्रदेशले विजयी सुरुआत गरेको छ।

कप्तान नरेन भट्टको कप्तानीमा रहेको सुदूरपश्चिमले स्थानीय फाप्ला क्रिकेट मैदानमा भएको पहिलो खेलमा कर्णाली प्रदेशलाई ९७ रनले पराजित गरेको हो।

टस जितेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिम प्रदेशले निर्धारित ३० ओभरमा नौ विकेटको क्षतिमा एक सय ४७ रन बनायो। कप्तान नरेन भट्टले अर्धशतकीय पारी खेले। उनी ६६ बलमा ७१ रन बनाएर अविजित रहे। सुदूरपश्चिमका लागि रीतिक थापाले १८, रविन भण्डारी र आशिष बलायरले १२/१२ रन तथा युवराज खत्रीले ११ रन बनाए। कर्णाली प्रदेशका लागि दीप पौडेल र आदित्य विक्रम शाहले तीन/तीन विकेट लिए। एक सय ४८ रनको विजय लक्ष्य पछ्याएर मैदान उत्रिएको कर्णाली प्रदेशले १९ दशमलव तीन ओभरमा सबै विकेट गुमाउँदै ५० रनमा समेटियो। उसका लागि आदित्य विक्रम शाहले २० रन बनाए। अन्य खेलाडीले दोहोरो रनको अङ्क बनाउन सकेनन्। सुदूरपश्चिमका भुपेश जोशी, अशोक धामी र सचिन मल्लले तीन/तीन विकेट लिए। विक्रम साउँदले एक विकेट लिए।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २३ सल्यान दोस्रो ठुलाखेत खानेपानी मर्मत कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः सल्यान दोस्रो ठुलाखेत खानेपानी निर्माण योजना**
**स्थानः पोखरा-२३ कास्की**
**योजना सुरु भएको मिति : २०७९/०९/२६ गते**
**योजना सम्पन्न मितिः २०७९/१२/२५ गते**
**योजनाको कुल लागत : रु. ३,६०,७१० ।-**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु. ३,२०,७१० ।-**
**जन सहभागितावाट : रु.४०,००० ।-**
**उपभोक्ता समिति अध्यक्षः केशव प्रसाद सुवेदी**
**सम्पर्क नं.: ९८४६०५७७०९**
**उपभोक्ता समिति संख्याः ११ जना**
**महिलाः ४ जना**
**पुरुषः ७ जना**

**सल्यान दोस्रो ठुलाखेत खानेपानी तथा सरसफाई उपभोक्ता समिति पोखरा-२३, कास्की**

# कृषि सञ्जालका सदस्यलाई हजारी र विउविजन वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, १० बैशाख

कृषि सञ्जाल-९ को आयोजना र पोखरा महानगरपालिका वडा नं. ९ को सहयोगमा कृषि सञ्जाल-९ का सदस्यहरुलाई हजारी र विउविजन वितरण गरिएको छ।

कार्यक्रममा वडअध्यक्ष दिपेन्द्र मर्सानी, न्यायिक समिति सदस्य भावना श्रेष्ठ, जनप्रतिनिधि नन्दराम गिरी साथै सञ्जालका निवर्तमान अध्यक्ष



तथा हालका जनप्रतिनिधि लक्ष्मी पहारी र टोल समन्वयन समिति अध्यक्ष उत्तम जोशी तथा कृषि माहाशाखाबाट आएकी प्राविधिक उमा पुन लगायतले बोल्नुभएको थियो। कार्यक्रमको अध्यक्षता विमला रानाभाटले गर्नुभएको थियो भने कार्यक्रमको व्यवस्थापन सचिव हिरा घलेले गर्नुभएको थियो।

# कर्मशिल सहकारीको अवलोकन भ्रमण

**पोखरापत्र संवाददाता**
पोखरा, १० बैशाख

पोखराको सभागृहचोकमा रहेको कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.को दुई दिवसीय सहकारी अवलोकन भ्रमण कार्यक्रम सम्पन्न भएको छ।

संस्थाको वार्षिक क्यालेण्डरमा उल्लेख भए बमोजिम यही बैशाख ८ र ९ गते गण्डकी प्रदेश कास्कीको छिमेकी जिल्ला कुश्मा, म्याग्दी र बाग्लुङका धार्मिक, सांस्कृतिक, स्वास्थ्य उपयोगी र ज्ञानवर्द्धक स्थानहरुको भ्रमण गराइएको थियो। संचालक समिति, शेयरसदस्य र कर्मचारीको समुह सहित ३२ सदस्यीय टोलीले म्याग्दीको सिंगा, तातोपानी, बाग्लुङ कालिका, लक्ष्मी नारायण मन्दिर, पञ्चकोट र लामो झोलुङ्गे पुलको अवलोकन गरेको थियो। पञ्चकोटको हुनुमान मुर्ति लगायत धार्किक क्षेत्रहरुको भ्रमण पश्चात



सहकारीहरु माझ सिवाईसी बचत तथा ऋण सहकारी संस्था लि.को अध्ययन अवलोकन गराइएको थियो।

संस्थाको मुल उद्देश्य, परिकल्पना, मन्त्र, ध्येय र आगामी १० वर्षको रणनीतिक योजनाका बारेमा नेफस्कुनका संचालक तथा साकोसका अध्यक्ष चण्डी प्रसाद शर्मा पौडेलले सहजीकरण गर्नुभएको थियो। संस्थाका संचालक सदस्य तथा कर्मचारीहरुलाई संस्था प्रति गर्नुपर्ने काम, कर्तव्य माथि उहाले प्रष्टाइदिनु भएको थियो। संस्थाका शेयर सदस्यहरुले भ्रमण छोटो भएपनि फलदायी र सम्झनयोग्य रहेको महशुस गर्नुभएको जानकारी संस्थाका प्रवन्धक देवेन्द्र धिताले दिनुभयो।

# नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७९ घोषणा

**रासस**
काठमाडौं, १० बैशाख

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले स्थापना दिवसका अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीको प्रमुख आतिथ्यतामा विविध सांस्कृतिक प्रस्तुतिहसहित १३औँ वार्षिकोत्सव मनाएको छ।

कार्यक्रममा मन्त्री किरातीले गीतसङ्गीतमार्फत जनतालाई जगाउने अभियानले गणतन्त्र स्थापना गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको बताउनुभयो। उहाँले संस्कृतिको क्षेत्रमा ठूलो अभियान चलाउन नीति तथा कार्यक्रममा नयाँ कुराहरू ल्याउने तयारीमा रहेको जानकारी दिनुभयो। कार्यक्रममा प्रतिष्ठानका कुलपति निशा शर्माले नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७९ प्राप्त गर्नुहुने कलाकार/स्रष्टाको नाम सार्वजनिक गर्नुहुँदै सरकारले आफूलगायत प्राज्ञ परिषद् र प्राज्ञ सभामाथि गरेको विश्वासलाई निराशामा परिणत हुन नदिने बताउनुभयो। "पुरस्कार यसै आर्थिक वर्षभित्र राष्ट्रपतिको हातबाट प्रदान गर्नेछौँ।

यसै वर्षदेखि 'नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा आजीवन योगदान सम्मान' एकजना विशिष्ट स्रष्टा सर्जकलाई प्रदान गर्ने गरी गृहकार्य भइरहेको छ", कुलपति शर्माले भन्नुभयो। कार्यक्रममा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमुनि हार्तम्छाली, भाषा आयोगका अध्यक्ष गोपाल ठाकुर, म्युजिक नेपालका प्रबन्ध निर्देशक सन्तोष शर्मा, वरिष्ठ नृत्यकार भैरवबहादुर थापालगायतले आफ्नो मन्तव्यका क्रममा संस्कृति मन्त्रालयलाई छुट्टै मन्त्रालयका रूपमा स्थापति गर्नुपर्नेमा जोड दिनुभयो।

हरेक वर्ष सङ्गीत, नाटक तथा नृत्य विधामा महत्त्वपूर्ण योगदान पुऱ्याउनु हुने छजना स्रष्टा तथा सर्जकलाई प्रदान गरिँदै आएको नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७९ मा यस वर्षको सङ्गीत विधातर्फ वरिष्ठ गायक तथा सङ्गीतकार गणेश रसिक, लोक सङ्गीत विधातर्फ वरिष्ठ लोकगायक नवीनकिशोर राई, परम्परागत तथा शास्त्रीय सङ्गीत विधातर्फ वरिष्ठ सङ्गीत साधक विजयकुमार श्रेष्ठ, नाटक विधातर्फ प्रा डा रामचन्द्र पोखरेल, रङ्गमञ्च विधातर्फ वरिष्ठ निर्देशक भैरव क्षेत्री तथा नृत्य विधातर्फ वरिष्ठ लोक नृत्यकार कुलमान नेपालीलाई प्रदान गरिने भएको छ।

## विमालेख हरायो

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड बाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नु हुने महानुभावहरुले निम्न लिखित ठेगानामा सम्पर्क गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं।

| नाम | बीमालेख नं: |
|---|---|
| १) रित बहादुर जिसी | ०६१००१३०१४ |

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
क्षेत्रीय कार्यालय, पोखरा
फोन : ०६१-५२४४५०

# युएईको सिङ्गापुरमाथि उत्कृष्ट जित

**रासस**
काठमाडौं, १० बैशाख

एसिसी प्रिमियर कप एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा संयुक्त अरब इमिरेट्स (युएई)ले सिङ्गापुरलाई पराजित गरेको छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा आज भएको समूह 'बी' अन्तर्गतको खेलमा युएईले सिङ्गापुरलाई दुई सय एक रनको फराकिलो अन्तरले पराजित गर्दै विजयी भएको हो। यस जितसँगै युएईले चार अङ्क जोडेको छ।

युएईले दिएको चार सय ७२ रनको विजयी लक्ष्य पच्छाएको सिङ्गापुर निर्धारित ५० ओभरमा नौ विकेट गुमाएर दुई सय ७० रनमा समेटियो। सिङ्गापुरका लागि मनप्रित सिंहले सर्वाधिक ६६ रनको योगदान दिए। त्यस्तै थिलिप उमीदुराईले ५२ रन जोडे भने सुरेन्द्र चन्द्रमोहन र कप्तान अरित्र दत्तले समान ३८/३८ रन बनाए। युएईका लागि सचित शर्मा, कात्तिक मैयप्पन र आयन अफजल खानले समान दुई/दुई विकेट लिए। त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको युएईले निर्धारित ५० ओभरमा सवै विकेट गुमाउदैं चार सय ७१ रनको योगफल तयार बनाएको थियो। युएईका लागि युवा ब्याटर वृत्य अरविन्दले सर्वाधिक एक सय ७४ रनको योगदान दिए। एक सय ३३ बल खेलेका उनले १७ चौका र सात छक्काको मद्दतमा एक सय ७४ रन जोडेका हुन्।

# पद्म नर्सिङ होम नदिपुरमा सुरक्षित प्रसुति सेवा सुरु

पोखरापत्र संवाददाता
पोखरा, १० बैशाख



पद्म नर्सिङ्ग होम प्रा.लि. पोखरा-३, नदिपुरमा सुरक्षीत प्रसुती सेवा सुरु भएको छ । प्रा.लि. मा आईतवार अप्रेसनको माध्यमबाट पहिलो पटक बच्चाको जन्म गराईएको हो ।

वरिष्ठ स्त्रीरोग विशेषज्ञ डाक्टर महेन्द्रराज पाण्डे, वरिष्ठ बालरोग तथा नवजात शिशु रोग विशेषज्ञ डाक्टर रामचन्द्र बास्तोला एवं एनेस्थेसियालोजिष्ट डाक्टर अनिल न्यौपाने र डाक्टर बसन्त कोइराला लगायतको टिमद्वारा अप्रेसनको माध्यमबाट पद्म नर्सिङ्ग होम प्रा.लि. नदिपुरमा पहिलो बच्चाले जन्म लिएको छ।

पोखरा - १७ बिरौटा निवासी रमेश भट्टराई र रेखा बराल भट्टराईले पहिलो सन्तानको रुपमा छोरालाई जन्म दिनुभएको हो । अप्रेसनको माध्यमबाट जन्मिएको २.५ केजी तौल भएको बच्चा स्वस्थ रहेको बरिस्ठ बाल रोग बिषेशज्ञ डाक्टर रामचन्द्र बास्तोलाले बताउनुभयो। "जन्मने बित्तिकै बच्चालाई आमाको दूध खुवाईएको छ बच्चा स्वस्थ छ । बच्चालाई अहिले आमाको दुधमा नै जोड दिन अभिभावकलाई आग्रह गरिएको छ । "उहाँले भन्नुभयो । यस्तै अप्रेसन पछि आमाको स्वास्थ्य अवस्था पनि सामान्य रहेको बरिष्ठ स्त्रीरोग विशेषज्ञ डाक्टर महेन्द्रराज पाण्डेले जानकारी दिनुभयो। पहिलो पटक पद्म नर्सिङ्ग होममा जन्म लिएको बच्चा भएकोले उक्त बच्चालाई १५ बर्ष हुँदा सम्म ओपिडी शुल्क छुट गरिएको प्रा.लि.का अध्यक्ष इन्दिरा शर्मा सुबेदीले जानकारी दिनुभयो । "पोखराको न्युरोडबाट नदिपुरमा सरिसके पछि हामीले नयाँ सुबिधाहरु थप गर्दै गईरहेका छौ आज पहिलो पटक यस संस्थामा नवजात शिशुले जन्म लिनुभएको छ। हामीले सफलता पुर्वक यो काम पनि गरेका छौ । यस सस्थामा जन्मिएको पहिलो बच्चालाई १५ बर्ष सम्म ओपिडी शुल्क नलिने निर्णय गरेको छौ। " उहाँको भनाई छ। बिगत २८ बर्ष देखि पोखराको न्युरोडमा भाडाको भवनमा संचालनमा रहेको यस क्षेत्रकै पहिलो निजी अस्पताल पद्म नर्सिङ्ग होम प्रा.लि. गत असोज देखि पोखरा -३, नदिपुर स्थित आफ्नै सुबिधा सम्पन्न भवनबाट पुर्ण रुपमा संचालनमा आएको हो । हस्पिटलमा २४ सै घण्टा आकस्मिक सेवा, मुटु तथा मेडिकल, जनरल सर्जरी, आँखा सम्बन्धि रोग, हाडजोर्नी तथा नशा रोग, नाक कान घाँटी सम्बन्धि रोग, बालरोग, स्त्रीरोग, छाला तथा एलर्जी, बाल दन्तरोग, नसा तथा मानसिक रोग लगायतका बहिरंग (ओपिडी) सेवा संचालनमा छन् । यस्तै अत्याधुनिक प्रयोगशाला, सबै प्रकारका अप्रेसन सेवाहरु, आइसियु, एनआईसियु, एक्सरे, भिडियो एक्सरे, इण्डोस्कोपी, कोल्नोस्कोपी, इकोकार्डियोग्राफी, एलर्जी परिक्षण एवं स्किन लेजर सर्जरी लगयतका सेवाहरु पनि संचालनमा रहेको हस्पिटलले जनाएको छ।

# बन्दीपुर केबलकार केबलकारभित्रै रेष्टुरेन्ट सञ्चालनको तयारी

पोखरापत्र संवाददाता
दमौली, १० बैशाख

तनहुँको बन्दीपुर गाउँपालिकामा निर्माणाधीन केबलकारका 'डिब्बा' जडानको तयारी थालिएको छ । बन्दीपुर केबलकार एन्ड टुरिजम लिमिटेडले सो केवलकार निर्माण गरिरहेको हो । लिमिटेडका अध्यक्ष रामचन्द्र शर्माले डिब्बा जडानका लागि सम्पूर्ण टावर तयार भइसकेको र अब डिब्बा जडानको कामलाई अगाडि बढाउन लागिएको जानकारी दिनुभयो । उहाँका अनुसार केबलकारका २१ डिब्बा आइपुगेको छ। "अब डबल सिफ्टमा कामलाई तीव्रता दिन्छौँ, दुईवटा सामान बोक्ने र छवटा रेष्ट्रो क्याविन आउन बाँकी छ", उहाँले भन्नुभयो । केबलकारको परीक्षण आगामी वैशाख २५ गतेदेखि सुरु गर्ने तयारी छ। "केबलकारका टावर, तार सबै जोडिसकिएको छ, डिब्बा जडानको काम अब द्रुतगतिमा अगाडि बढ्छ", उहाँले भन्नुभयो । केबलकारभित्रै रेष्टुरेन्ट सञ्चालनको तयारीसमेत गरिएको छ। साँझ ५ बजेपछि केबलकारभित्रै रेष्टुरेन्ट सञ्चालन हुनेछ । "केबलकारभित्र रेष्ट्रोको सुविधा प्रत्येक आकर्षण र हट प्रडक्ट बन्छ, प्रत्येक दिनको अफ आवर साँझ ५ देखि ९ बजेसम्म यो सेवा दिने तयारीमा छौँ", अध्यक्ष शर्माले भन्नुभयो । उहाँका अनुसार तल्लो र माथिल्लो स्टेशनमा रेष्टुरेन्ट हुने भएकाले रेष्ट्रो प्याकेजमा सेवा दिन सक्नेछ । विसं २०७५ साउनदेखि केबलकार निर्माणको कामलाई अगाडि बढाइएको थियो । विसं २०८० मङ्सिरभित्र पाँचतारे होटल, माघभित्र सम्मेलन केन्द्र निर्माण सम्पन्न गर्ने लक्ष्य छ। जेठभित्र भ्यूजरुम, असारभित्र वाक्स म्युजियम, साउनभित्र जीपलाइन, भदौभित्र बन्जी, स्काइवाक, असोजभित्र रेष्ट्रो क्याबिन सम्पन्न गर्ने लक्ष्य लिइएको छ।

बन्दीपुर गाउँपालिका-४ बरालथोकमा पाँचतारे होटलको निर्माण पनि तीव्रगतिमा भइरहेको छ । केबलकार सिधै होटलभित्र छिर्ने प्रविधिसहित काम भइरहेको छ । पाँचतारे होटलसहितको केबलकारमा लगानी वृद्धि भएको छ। केबलकार र होटलको क्षमता बढेकाले लगानी पनि वृद्धि भएर रु दुई अर्ब ६० करोड पुगेको छ । यस अगाडि केबलकारको क्षमता प्रतिघन्टा तीन सय रहेकामा त्यसलाई बढाएर पाँच सय पुऱ्याइएको छ। होटलको कोठा सङ्ख्या ६६ रहेकामा त्यसलाई बढाएर ८७ पुऱ्याइएको छ । दश तल्लाको होटलसहितको भवनमा आधुनिक भ्यूटावर, बेनक्युट हल र ८० कोठाका स्तरीय होटल निर्माण हुनेछ । होटलको पूर्वाधारको काम सकिएको र फिनिसिङको काम बाँकी रहेको छ । यहाँ ल्यान्डस्क्यापिङ र कृत्रिम झरना पनि बनाइनेछ । बन्दीपुरको ऐतिहासिकता झल्कने गरी बन्दीपुर घडी, बन्दीपुर गार्डेन बनाउने लक्ष्य लिइएको छ । यस गार्डेनभित्र बटम स्टेशनको पाँच तलामाथिबाट पानीको आकर्षक झरना बनाइनेछ। यसले पर्यटकलाई लोभ्याउने विश्वास गरिएको शर्माले बताउनुभयो । यसैगरी वाटर पार्क, म्युजिकल वाटर शो बनाउने लक्ष्य छ।

बन्दीपुर-४ ठुल्दुङ्गाबाट सुरु हुने केबलकार सोही वडाको बरालथोकसम्म पुग्छ। केबलकारबाट एसियाकै ठूलो दाबी गरिएको विमलनगरस्थित सिद्धगुफा पनि अवलोकन गर्न सकिनेछ। ठूल्दुङ्गास्वाँराबाट सुरू हुने केबुलकार सिद्धगुफाको छेउ हुँदै बन्दीपुरको उचाइसम्म पुग्नेछ । केवलकारले एक किलोमिटर छ सय मिटर यात्रा गर्नेछ । केबलकारको साधारण सेयरको सार्वजनिक निष्काशन (आइपिओ) खुला गर्न सम्झौता भइसकेको छ। लिमिटेडको प्रतिसेयर अङ्कित मूल्य रु एक सय दरका २५ लाख ८० हजार कित्ता साधारण सेयर प्रचलित कानुनबमोजिम सार्वजनिक निष्काशन तथा बिक्रीका लागि सम्झौता भइसकेको छ।

तीन अर्ब ४९ करोड कुल परियोजना लागत रहेको कम्पनीको चुक्ता पुँजी रु दुई अर्ब १५ करोड रहेको अध्यक्ष शर्माले जानकारी दिनुभयो। त्यसमध्ये चुक्ता पुँजीको दुई प्रतिशत अर्थात् रु चार करोड ३० लाख परियोजना प्रभावित स्थानीयवासीलाई छुट्याइनेछ । चुक्ता पुँजीको १० प्रतिशत रु २१ करोड ५० लाख सर्वसाधारणलाई छुट्याइने शर्माले बताउनुभयो। आर केडी रियल स्टेट एन्ड कन्स्ट्रक्सन प्रालि, पन्चासे केबुलकार एन्ड टुर्स प्रालि, टुरिजम इन्भेष्टमेन्ट फन्ड लिमिटेड, बन्दीपुर गाउँपालिका र स्थानीयवासीको लगानीमा केबलकार परियोजना निर्माणको काम भइरहेको छ । लगानीदाता कम्पनी नेपाल र विदेशमा बस्ने नेपालीहरूको कम्पनी हो, जहाँ एक हजार एक सयभन्दा बढी लगानीकर्ता छन्।

# नमुना आमा समुहको नयाँवर्षको क्यालेन्डर विमोचन

पोखरापत्र संवाददाता
पोखरा, १० बैशाख



पोखरा महानगरपालिका वडा नं ६ बैदाममा रहेको नमुना आमा समुहले नेपाली नयाँवर्षको अवसरमा आइतबार एक कार्यक्रम आयोजना गरी २०८० सालको क्यालेन्डर विमोचन सहित शुभकामना आदान प्रदान गरेको छ।

पोखरा महानगरपालिका वडा नं ६ का वडाध्यक्ष विष्णुबहादुर भट्टराईको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो। सो अवसरमा वडाध्यक्ष भट्टराईले नयाँवर्षले सबै नेपालीहरुमा सुख, शान्ति र समृद्धि हासिल हुने विश्वास व्यक्त गरे। उनले भने, "२०७९ सालमा देशले आर्थिक लगायत धेरै संकट भोग्नु परेको छ। नयाँ वर्ष त्यस्तो नहोस्। देशमा आर्थिक उन्नयन, समृद्धि र जनताको मुहारमा सँधै खुशी नयाँ वर्षमा हुनेछ भन्ने विश्वास छ ।" बैदाम क्षेत्र पर्यटकीय क्षेत्र भएकोले यस क्षेत्रको प्रचार प्रसारमा आमा समुहहरुको महत्वपूण भुमिका रहने बताए । वडाध्यक्ष भट्टराईले नमुना आमा समुह वडामै उत्कृष्ट आमा समुहको रुपमा रहेको बताउदै, नमुना आमा समुहले गरेको सामाजिक कार्यको अन्य सबैले अनुसरण गर्न उनले आग्रह गरे । नमुना आमा समुहका अध्यक्ष जुना अधिकारीले संस्थाले सरसफाई कार्यक्रम, महिलाहरुको क्षमता विकास, आयआर्जनमा सहयोगी, स्वास्थ्य सामग्री वितरण लगायतका काम गरेको बताइन् । अध्यक्ष अधिकारीले वडामा रहेका सघ संस्थाहरुको कुनै पनि कार्यक्रम आमा समुह विना सफल नहुने जिकिर गर्दै, समुहलाई सहयोग गर्ने सवालमा संघसंस्थाहरुबाटै पक्षपात पुर्ण ब्यवहार हुने गरेको दुखेसो पोखिन । उनले आगामी दिनमा वडा कार्यालय सँग सहकार्य गरेर क्षमता विकासका कार्यक्रम गर्ने योजना रहेको बताइन्। कार्यक्रममा वडा सदस्य दीपेन्द्र पहारी, वडा सदस्य पबित्रा थापा, वडा सदस्य शोभा जलारी, वासु बराल, सल्लाहकार एवं हिमाली आवाज साप्ताहिकका पत्रकार गणेश पहारी, निर्वतमान अध्यक्ष अम्बिका अधिकारी संस्थापक अध्यय मिठु देवी अधिकारी,सल्लाहाकार नर्मला कडेल,सल्लाहाकार लिलाधर अधिकारी, सल्लाहाकार तारादेवी पहारी, , लगायतले समुहले समाजमा पुर्‍याएको योगदानको प्रशंसा गर्दै शुभकामना मनतब्य राखेका थिए। कार्यक्रममा नमुना आमा समुहका उपाध्यक्ष सकुन्तला अधिकारी स्वागत र सञ्चालन सचिव अम्बिका पहारी आर्चायले गरेकी थिइन्।

# सडक र गाउँबस्तीमै जंगली जनावर : मानिसलाई समेत खतरा

पोखरापत्र संवाददाता
बागलुङ, १० बैशाख

गत मङ्गलबार साँझ बेनी-बागलुङ सडकमा गुडिरहेको मोटरसाइकलमा ठोक्किएर एउटा वयस्क चितुवा मऱ्यो । गत माघमा पनि सोही सडकखण्डको खबरा क्षेत्रमा बागलुङबाट मोटरसाइकलमा बेनी आउँदै गरेका हरि घिमिरेलाई चितुवाले झन्डै झम्टेको थियो। डरका कारण मोटरसाइकललाई सन्तुलनमा लिन नसक्दा घिमिरे लडेर घाइते हुनुभयो।

उता बेनी नगरपालिका-३ को तोराखेतमा चितुवाले गत फागुनमा चारवटा बाख्रा माऱ्यो । म्याग्दीमा विगत दुई वर्षयता जङ्गली जनावरको आतङ्क बढ्दै गएपछि पशुचौपायालाई मात्रै होइन मानिसलाई समेत खतरा उत्पन्न भएको छ । वन्यजन्तुले खेतीबाली र बाख्रा खान थालेपछि ग्रामीण क्षेत्रका बासिन्दा समस्यामा परेका छन् भने सडक छेउछाउमा समेत चितुवा देखिन थालेपछि दुर्घटनाको जोखिम पनि उत्तिकै बढेको छ। जङ्गल नजिकका गाउँमा चितुवा, बँदेल, मृग, भालुलगायत जनावरले दुःख दिने क्रम बढेको हो। पछिल्लो सयम चितुवाले खोरबाटै बाख्रा लगेपछि व्यावसायिक बाख्रापालन गर्दै आएका कृषकले मार खेप्नुपरेको छ। त्यस्तै, बँदेलले रातारात आलु खेती नष्ट गर्ने क्रम बढेको छ।

हुलका हुल आउने बँदेलले एक रातमा नै ठूलो क्षेत्रको आलु खेती बर्बाद गरेको मालिका गाउँपालिका-५ का जगबहादुर बुढाले बताउनुभयो। "बाँदर र बँदेलले खेती बाली नष्ट गर्ने क्रम पुरानै भए पनि यो पटक धेरै क्षति पुऱ्याइरहेको छ," उहाँले भन्नुभयो, "अझ चितुवाले बाख्रासमेत मार्ने क्रम बढ्दा धेरै कृषकले नोक्सानी व्यहोर्नुपरेको छ।" बेनी-३ लहरेनीका सन्तबहादुर चर्मकारले गाउँमा यो वर्ष सुरु भएपछि मात्र तीनवटा बाख्रा, भैंसीको एउटा पाडो र कुखुरा जङ्गली जनावरले खाइदिएको बताउनुभयो। "राति कति बेला खोरमै आएर लैजान्छ पत्तो नै हुँदैन", उहाँले भन्नुभयो। यो गाउँका हरेकजसो घरका बाख्रा चितुवाले मारेको छ।

"जङ्गल क्षेत्रमा आहारा कम पाएकाले पनि हुन सक्छ जङ्गली जनावरको बिगबिगी बढेको छ", डिभिजन वन कार्यालय म्याग्दीका प्रमुख मनोज रानाभाटले भन्नुभयो । म्याग्दीमा जङ्गल आसपासका क्षेत्रमा बस्ती विस्तार हुँदा चितुवाको बासस्थान सुरक्षित नहुनु, चितुवाको आहार प्रजातिमा उल्लेखनीय कमी आउनु, चितुवाको प्राकृतिक आनीबानीमा परिवर्तन जस्ता कारणले चितुवा आक्रामक बन्दै गएको रानाभाटले जानकारी दिनुभयो।प्रमुखरानाभाटलेवनजङ्गलमा लागेको डढेलोका कारणसमेत अहिले बासस्थान खलबलिएको अवस्थामा मानव र चितुवाको जम्काभेट हुनसक्ने बताउनुभयो । म्याग्दीमा चितुवाको स्॒या बढेकाले आहाराको खोजीमा चितुवा मानव बस्ती र सडक छेउछाउमा देखिन थालेको पाइएको स्थानीयवासीले बताएका छन्। ग्रामीण क्षेत्रमा लगाइएको हिउँदे र बर्खे बाली जङ्गली जनावरहरूबाट जोगाउन स्थानीयवासी रातभर जाग्राम बस्न थालेका छन् । जङ्गली जनावर मार्न नपाइने र धपाउनसमेत नसकिने भएपछि कृषकलाई सास्ती भएको कृषकहरू बताउँछन् । आलु, गहुँ, मकैजस्ता बाली जङ्गली जनावरले नोक्सानी गर्दा ग्रामीण क्षेत्रका किसानको खानेकुरा जोहो गर्न नै कठिन हुने गरेको छ। चितुवा, भालुजस्ता वन्यजन्तुले गर्दा एक्लैदुक्लै हिंड्नै कठिन हुने गरेको खबराका राजाराम शर्मा सापकोटाले बताउनुभयो । स्थानीयवासीले वन्यजन्तु नियन्त्रणका लागि सरकारको साथ खोजेका छन्। जङ्गली जनावरले अन्न बाली, तरकारी र फलफूल पशुचौपाया मात्र होइन, मानव बस्तीमा पसेर घरगोठमा समेत क्षति पुऱ्याउन थालेको स्थानीयवासीले बताएका छन्।


गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
पर्यटन तथा उद्योग कार्यालय, कास्की

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०१/१०

यस कार्यालयमा मिति २०७०/०५/२४ मा कास्की जिल्ला पोखरा १७ मा संचालन गर्ने गरि दुलुङ्ग ०५ पर्वत निवासी विनोद रिजाल, चापाकोट ०१ कास्की निवासी सुरज गुरुङ र छाङ्ग ०९ तनहुँ निवासी कृष्ण बहादुर क्षेत्रीको नाउँमा दर्ता भएको उद्योग दर्ता नं. ९३०५/०७/०७१ को डायमेनसन ईन्जिनियरिङ कन्सल्टेन्सी नामक साझेदारी फर्मको साझेदारहरुले मिति २०८०/०१/१० मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने उद्योग बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो उद्योगमा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको समाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**



## ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०१/११)

**यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जाना व्याज समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित तथा पत्रिका मार्फत सार्वजनिक सूचना प्रकाशित गरि जानकारी गराउदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरीएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु होला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण नीति बमोजिम लिलाम बिक्रीको सूचना प्रकाशित गरी लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।**

तपशिल :

| क्र.सं. | ऋणी सदस्यको नाम थर | धितो विवरण |
|---|---|---|
| १ | हिरा बहादुर सुनारको बुहारी इमान सिंह विश्वकर्माको छोरी रुद्र बहादुर सुनारको श्रीमती तनहुँ जिल्ला शुक्लागण्डकी न.पा वडा नं. ०५ बस्ने ऋणी : कल्पना सुनार | कल्पना सुनारको नाममा मालपोतकार्यालयतनहुँमादर्ताश्रेस्ताकायम रहेको उदेनढुङा गा.वि.स. वडा नं. ४/ग कित्ता नं. १२७३ र १२७५ को क्षेत्रफल ०-३-०-० र ०-२-०-१ ढोरफि( र्दी गा.वि.स वडा न. १ घ, कित्ता नं. ४८९ र ४९१ को क्षेत्रफल ०-३-३-३ र ०-०-२-० को जग्गा |

**नोटः यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।**

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
प्रधान कार्यालय: पोखरा-१०, बुद्धचोक, कास्की
फोन नं.: ०६१-५३८८३३